**निर्णय नं. १:**

चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. ९ बस्ने शान्ता आचार्य देवकोटाले यस रत्ननगर नगरपालिकाको कार्यालय समेतका उपरमा **०७७–WO–००१०** को उत्प्रेषण परमादेश मुद्धा उच्च अदालत पाटन हेटौंडा ईजलासमा दायर गर्नु भई यस नगरपालिकाको कार्यालयको नाउँमा जारी भएको १५(पन्ध्र) दिने म्याद सूचना मिति २०७७।०६।१९ मा तामेल भएको हुँदा उक्त मुद्धाको लिखित जवाफ दर्ता गरी पुर्पक्षमा रहन यसै कार्यालयका सहायक पाचौं श्री देव प्रसाद पौडेललाई प्रतिनिधी मुकरर गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुको दरवन्दी मिलान तथा विद्यालयगत दरवन्दी यकिन गरी स्वीकृतिका लागि नगर शिक्षा समितिको २०७७।०६।२२ को निर्णयबाट सिफारिस भएकोले पेश भएको विद्यालयगत दरवन्दी ( राहत र शिक्षक अनुदान कोटा समेत) स्वीकृत गरी आवश्यक कायार्थ सम्बन्धित निकायहरुमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

आधारभूत तहको स्थानीय पाठ्यक्रम नगर शिक्षा समितिको मिति २०७७।०६।२२ को बैठकबाट स्वीकृतिका लागि सिफारिस भए वमोजिम स्वीकृत गर्ने निर्णय गरियो.।

**निर्णय नं. ४**

विद्यालयहरु संचालन गर्ने सम्बन्धमा मिति २०७७।०६।२२ को नगर शिक्षा समितिको निर्णयानुसार सम्बन्धित वडा समितिले सरोकारवालाहरु संग छलफल गरी स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी निर्णय गर्ने अधिकार वडा अध्यक्षलाई प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

२०७७ सालको विजयादशमी, तिहार, छठ र नेपाल सम्वतको उपलक्ष्यमा सम्पूर्ण नगरवासीहरुमा सुस्वास्थ्य, दिर्घायू उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री टुवराज पोखरेललाई कोभिड १९ पोजिटिभ देखिई भरतपुर अस्पतालमा उपचारत हुनु भएकोले उहाँको सिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

रत्ननगर मेलमिलाप कार्य संचालन कार्यविधि २०७६ को दफा १५ को उपदफा ९(५) निम्नानुसार हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

**सल्लाहकार समितिको गठन**

- रत्ननगर मेलमिलाप केन्द्रलाई विभिन्न समयमा राय सल्लाह सुझाव प्रदान गर्नको लागि नगर मेलमिलाप केन्द्र र वडा मेलमिलाप केन्द्रमा देहाय वमोजिमको सल्लाहकार समिति गठन हुनेछ ।

क. नगर मेलमिलाप केन्द्र सल्लाहार समिति

नगर मेलमिलाप केन्द्र सल्लाहकार समितिमा नगर प्रमुखको संयोजकत्वमा बढीमा सात जना सदस्य रहने गरी सल्लाहकार समिति गठन गरिनेछ ।

ख. वडा मेलमिलाप केन्द्र सल्लाहकार समिति

वडा मेलमिलाप केन्द्र सल्लाहकार समितिमा सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा बढी ३ जना सदस्य रहने गरी सल्लाहकार समिति गठन गरिनेछ ।

**निर्णय नं.८**

संघीय सरकारबाट सशर्त कार्यक्रम अन्तर्गत कयर खोला सडक पुल, र.न.पा. ३ वन्सीघाट, राप्ती खोला दोभान पुल, र.न.पा. ८-७ (डिपिआर समेत) को लागि रु. २०,००,०००।- (बीस लाख) विनियोजित भएकोमा उक्त कार्यगत आ. व. को वजेटबाट नै संचालन भएको हुँदा यस आ. व. मा विनियोजित रकमबाट कयर खोलाको वडा नं. ७ र ८ को बीचमा चित्रसारीमा पुलको चाडाई थप गर्ने तथा वडा नं. १४ को गैरीबारीबाट चैनपुर जोड्ने पुल निर्माण कार्यको डिपिआर तयार गरी योजना परिवर्तन गर्न माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रदेश सरकारबाट नगरपालिकाको सहकार्यमा बीउ प्रशोधन सम्बन्धि मेशिनरी सहयोगका लागि रु. ५०,००,०००।- (पचास लाख) विनियोजन भएकोमा बीउ प्रशोधन केन्द्रको भवन निर्माण कार्य अधुरो रहेको हुँदा उक्त विनियोजित रकमबाट भवन निर्माण समेतमा खर्च गर्न पाउने गरी माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

रत्ननगर अस्पतालको वाल निर्माणको लागि विविध सार्वजनिक निर्माण शिर्षकबाट रु. १३,००,०००।- (तेह्र लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस नगरपालिकाको विज्ञापन कर संकलनको लागि यथासिघ्र कार्यविधी तयार गरी टेण्डर गर्ने र गत आ. व. मा बोलपत्र पेश गरी सम्झौता गर्न नआउने फर्महरुलाई धरौटी रकम जफत गरी तीन वर्षसम्म नगरपालिकासंग कुनै पनि कारोवार गर्न नपाउने गरी कारवाही प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

नदीजन्य पदार्थ अवैध उत्खनन र चोरी निकासीबाट संकलित जविाना रकम पुरस्कार दिने विगतदेखि नै दिईदै आएको जरिवाना संकलन वापतको ५०% रकम सम्बन्धितलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

सडकबोर्ड तर्फ विनियोजित योजनाहरु कार्यान्वयनको प्रगति न्यून रहेकोले सम्बन्धित वडा अध्यक्षहरुलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

रत्ननगर नगरपालिकाको वडा नं. १६ मा रहेको सार्वजनिक जग्गा मध्ये ७ विगाहा जग्गामा औद्योगिक ग्राम स्थापना गर्न माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

वडा नं. ७ मा मालपुर मा. वि. देखि सिसुवार सम्म ढल व्यवस्थापनका लागि प्रदेश तथा संघीय सरकारसंग माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १६**

वडास्तरिय वजेटबाट ठेक्कामा लैजाने योजनाहरु माग गर्ने र जनसहभागिता वापतको रकम जम्मा गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. १७**

रत्ननगर अस्पतालको भवन निर्माणका लागि भवन निर्माण स्थलको Soil Test, ड्रईङ्ग डिजाईन गर्नका लागि रु. ३,००,०००।- (तीन लाख) र जनजागृति मा. वि. भवन निर्माण स्थलको Soil Test र ड्रईङ्ग डिजाईन गर्नका लागि रु. २,५०,०००।- आकस्मिक विविध सार्वजनिक निर्माण शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

पूर्वी चितवन नदी व्यवस्थापन तथा जिविकोपार्जन परियोजना अन्तर्गत संचालित योजनाहरुमा नेपाल सरकारको तर्फबाट बेहोर्नुपर्ने ३० प्रतिशत रकम विनियोजन नभएको हुँदा उक्त रकम नगरपालिकाबाट नै बेहोर्ने गरी योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

CMDP कार्यक्रमको लागि नगरस्तरमा संचालनमा रहेका सहकारी संस्थाहरुसंग समन्वय गरी कार्यान्वयन गर्ने निर्णय गरियो

**निर्णय नं. २०**

आर्थिक विकास समितिको मिति २०७७।०५।२४ गतेको बैठकबाट भएका निर्णयहरु यस कार्यपालिकामा अनुमोदनका लागि पेश भएका निर्णयहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

घर टहरा निर्माण गर्ने ठेकदारहरु र कन्सल्टेन्सीहरुसंग भवन संहिता मापदण्डको विषयमा अन्तरक्रिया कार्यक्रम राख्ने निर्णय गरियो ।

**निर्णय नं.२२**

प्रधान मन्त्री रोजगार कार्यक्रमको तथ्यांक अद्यावधिक गरी प्रभावकारीरुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

नेपाल आयल निगमको जग्गा माग सम्बन्धि प्राप्त पत्रको विषयमा छलफल गरियो ।

**निर्णय नं. २४:**

यस नगरपालिकाको आईसोलेसनमा ड्यूटी गर्ने स्वास्थ्यकर्मीहरुलाई प्रति दिन/व्यक्ति रु. ७००।- (सात सय) का दरले पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २५:**

यस रत्ननगर नगरपालिकाको विभिन्न वडाहरुको विभिन्न वडाहरुको निर्माण कार्य सम्पन्न हुन नसकेको र घर भाडामा लिई कार्यालय संचालन गर्दा खर्च धेरै लागेको हुँदा सामान्य निर्माण कार्य गरी आफ्नै कार्यालय भवनमा सर्ने कार्यका लागि ल. ई. अनुसार तपसिल वमोजिमको रकम नियमानुसार जनसहभागिता समेत जुटाउने गरी विविध सार्वजनिक निर्माण शिर्षकबाट विनियोजित गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | वडा नं. | कुल लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | १० | १५,५६,१३३।- | |
| २ | ८ | २२,००,०००।- | |
| ३ | ५ | २२,००,०००।- | |
| ४ | १५ | ११,१४,०००।- | |
| ५ | ४ | २२,००,०००।- | |

**निर्णय नं.२६:**

रत्ननगर नगरपालिका वडा नं. १२ स्थित सुकुम्वासी वस्तिमा नाला र घर फिनिसिङ्ग योजना कार्यान्वयन गर्न अति आवश्यक भएकोले रु. १५,००,०००।- (पन्ध्र लाख) नियमानुसार जनसहभागिता समेत जुटाउने गरी विविध सार्वजनिक निर्माण शिर्षकबाट विनियोजित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७:**

रत्ननगर नगरपालिका वडा नं. ७ स्थित चित्रसारीदेखि घण्टाघरसम्म तारजालि लगाई बाटो फिलिङ्ग योजना कार्यान्वयन गर्न अति आवश्यक भएकोले रु. २०,००,०००।- (वीस लाख) नियमानुसार जनसहभागिता समेत जुटाउने गरी विविध सार्वजनिक निर्माण शिर्षकबाट विनियोजित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

यस रत्ननगर नगरपालिकाको वडा नं. १५ मा स्थापना गरिने आधारभूत स्वास्थ्य सेवा केन्द्र, र.न.पा. १५ को नाममा भवन निर्माणका लागि यस रत्ननगर नगरपालिका वडा नं. १५ निवासी श्री पूर्ण कुमारी गुरुङ्गको नाममा दर्ता रहेको साविक पिठुवा ७क, कि. नं. २३५६ को जग्गा मध्ये ज. वि. ०-२-० जग्गा रत्ननगर नगरपालिकाको नाममा राजश्व छुट गरी रजिष्ट्रेसन पासको लागि मालपोत कार्यालय, भरतपुर, चितवनलाई अनुरोध गर्ने र सो कार्यका लागि यस नगरपालिकाको तर्फबाट सहायक पाचौं श्री संघर्ष राज खनाललाई प्रतिनिधी तोकी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २९:**

यस रत्ननगर नगरपालिका वडा नं. १२ स्थित पञ्चकन्या हरियाली बाल उद्यानको प्रवेश द्धार गत वर्ष निर्माण सम्पन्न भई भुक्तानी दिन बाँकी रहेकोमा यस आ. व. को विविध सार्वजनिक निर्माण शिर्षकमा विनियोनित रकमबाट रु. १,००,०००।- (एक लाख मात्र) भुक्तानी दिने निर्णय गरियो ।